**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०१ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रदान गर्नुभयो।
- परीक्षा दिनेछन्।
- तनावपूर्ण बनेको छ।
- 'कालेबुङ पुलिस आर्काइब्स' शुरु गरेको छ।
- समापन भएको छ।

**पीएम - एससीओ शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आतङ्कवादमा दोहोरो मापदण्ड अस्वीकार्य भएको बताउनु भयो। तियानजिनमा आयोजित एससीओ शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले आतङ्कवाद मानवताका लागि ठूलो चुनौती भएको बताउँदै सबै प्रकारका आतङ्कवादको निन्दा गरिनुपर्ने बताउनु भयो। श्री मोदीले भन्नुभयो, "भारतले विगत चार दशकदेखि आतंकवादसँग जुधिरहेको छ। उनले पहलगाम आतंकवादी हमलापछि भारतप्रति **एकजुटता** जनाउने देशहरुलाई पनि धन्यवाद दिनुभयो। यसैबीच प्रधानमन्त्री मोदीले एससीओको सदस्यको रूपमा भारतले निकै सकारात्मक भूमिका खेलेको बताउदै एससीओका लागि भारतको दृष्टिकोण र नीति सुरक्षा, संपर्क र अवसर गरी तीन महत्वपूर्ण स्तम्भमा निर्भर रहेको बताउनु भयो।

**ममता ब्यानर्जी**

पुलिस दिवसको अवसरमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले राज्य तथा देशभरिका पुलिसकर्मीहरूलाई शुभकामना दिनुभएको छ। एक सोसियल मिडिया पोस्टमा सुश्री ब्यानार्जीले, पुलिस बलले समाजमा कानून व्यवस्थालाई काम राख्नको लागि निरन्तर संघर्ष गर्ने र उनीहरूको निःस्वार्थ सेवा, वीरता एवं समर्पणको फलस्वरूपै नागरिकहरूको सुरक्षा सुनिश्चित रहेको बताउनु भयो।ज्ञात रहोस, पुलिस दिवसको अवसरमा देशभरि नै पुलिसकर्मीहरूको सेवालाई स्मरण गरिन्छ अनि उनीहरूलाई सम्मानित गरिन्छ।

**सिलगढी पुलिस**

सिलगढी पुलिस कमिश्नरेटको तर्फबाट आज सिलगढीमा पुलिस दिवस पालन गरियो। मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशनमा, 1 सेप्टेम्बर 2020 देखि हरेक वर्ष यस दिनलाई राज्यमा पुलिस दिवसको रूपमा मनाइँदै आएको छ। यसै क्रममा, आज सिलगढी पुलिस आयुक्तालयको पहलमा सिलगढी पुलिस कमिश्नरेट परिसरमा पुलिस दिवस पालन गरियो। कार्यक्रममा सिलगढी पुलिस कमिश्नर सी. सुधाकर, डेप्युटी पुलिस कमिश्नर मुख्यालय तन्मय सरकार, डेप्युटी पुलिस कमिश्नर राकेश सिंह र काजी शमसुद्दीन अहमद, एसीपी, एडीसीपी र सिलगढी मेट्रोपोलिटन पुलिसका विभिन्न ट्राफिक र पुलिस स्टेशनका आईसी ओसीहरू उपस्थित थिए। यस अवसरमा प्रशासनले सामाजिक सेवाको पहल पनि गरेको थियो। राज्य पुलिस कल्याण समितिको पहल र पुलिस कमिश्नर सी. सुधाकर र डेप्युटी पुलिस कमिश्नर राकेश सिंहको उपस्थितिमा सिलगढीको मल्लागढीस्थित चेतना कोलोनी क्षेत्रमा लगभग 100 विपन्न परिवारहरूलाई कम्बल वितरण गरिएको थियो।

**‘भाषा आंदोलन’ मंच सेनाद्वारा हटाइयो**

कोलकाताको धर्मतला मा तृणमूल कांग्रेसको ‘भाषा आंदोलन’ मंच आज सेनाद्वारा हटाइएको छ। सेनाको तर्क यो छ यस मंच लगाउने अनुमति केवल 31 अगस्त सम्म थियो | तय समय-सीमा बितिसकेर नै कार्रवाई गरिएको हो | राज्यमा अहिलेघरि भाषिक अस्मिताको मुद्दा गहिरेर जाँदैछ ,आरोप यो छ अन्य राज्यहरुमा बंगला बोलने मानिसहरुलाई ‘बांग्लादेशी’ ठान्दै प्रताड़ित गरिरहेको छ | यसैको विरोधमा मुख्यमंत्री ममता बनर्जी सड़कमा उत्री सकेका छन् अनि कोलकाता, बोलपुर लगायत झाड़ग्राम समेत कयौं जिल्लाहरुमा रैलिहरु भइसकेका छन् |अर्कोतिर प्रवासी श्रमिकहरुका सहयोगका निम्ति राज्य सरकारले ‘श्रमश्री’ योजना शुरू गरेको छ |यही आंदोलनलाई अघि बढ़ाउनका लागि सुश्री बनर्जीको निर्देशमा तृणमूल नेता सप्ताहमा दुई दिन धर्मतला मा गांधी मूर्ति नजिक रिले धरना दिंदै आइरहेका थिए अनि त्यही ‘भाषा आंदोलन’ को मंच निर्माण गरिएको थियो |आज अचानक सेना काजवान मंच हटाउन पुगे साथै तिरपाल समेत मंचको पुरा संरचना सेनाको पहलमा हटाइयो। सेनाका प्रवक्ता विंग कमांडर हिमांशु तिवारी ले बताए कि 31 अगस्त सम्म मंच राख्ने अनुमति थियो। त्यसपछि पनि रक्षासित संबंधित महत्वपूर्ण ठाउँ लाई घेरेर राख्नु कुनै औचित्य रहदैन |

**राज्यमा प्रवासी श्रमिकहरूका लागि "श्रमश्री पोर्टल" सुरु**

पश्चिम बंगाल सरकारले आज देखि "श्रमश्री पोर्टल" सुरु गरेको छ। राज्यका श्रममन्त्री मलय घटकले नवान्नामा आयोजित पत्रकार सम्मेलनमा यो घोषणा गर्नु भएको हो | मुख्यमन्त्री ममता बनर्जीको निर्देशनमा, श्रम विभागको यो पहलले भाजपा शासित राज्यहरूमा उत्पीडन वा आक्रमणको सामना गरेपछि बंगाल फर्कन बाध्य भएका प्रवासी श्रमिकहरूलाई आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्ने लक्ष्य राखेको छ। श्रममन्त्रीले भन्नुभयो अफलाइन आवेदन प्रक्रिया अगस्ट २१ बाट सुरु भएको थियो र अहिलेसम्म बीस हजारभन्दा बढी आवेदनहरू प्राप्त भइसकेका छन्। अबदेखि, यी आवेदनहरू चरणबद्ध रूपमा अनलाइन अपलोड गरिनेछ। अफलाइन आवेदन बुझाउने हरूले पनि कुनै पनि प्रकारको कठिनाइको सामना गर्नुपर्ने छैन। साथै, अनलाइन दर्ता गरेका आवेदकहरूले पोर्टल मार्फत आफ्नो आवेदनको प्रगति सजिलै हेर्न सक्नेछन्।

***ध्यान दिनुपर्ने कुरा के छ भने राज्य सरकारले भाजपा शासित राज्यहरू जस्तै आसाम, महाराष्ट्र, ओडिशा, हरियाणा र राजस्थानमा बंगालबाट आएका श्रमिक हरूलाई बंगाली भाषा मात्र बोलेकोमा "बंगलादेशी" भनेर दुर्व्यवहार गरिएको आरोप लगाउँदै आएको छ। धेरै अवस्थामा, झूटा आरोपमा हिरासतमा पठाइएका घटनाहरू प्रकाशमा आएका छन्। यस्तो अवस्थामा, राज्य सरकारले प्रवासी कामदारहरूको लागि कार्य सुरक्षा र आर्थिक सहयोग सुनिश्चित गर्न यो योजना सुरु गरेको छ। मुख्यमन्त्री ममता बनर्जीको घोषणा अनुसार, श्रमश्री योजनामा आफ्नो नाम दर्ता गर्ने कामदारहरूलाई एक वर्षको लागि प्रत्येक वर्ष ५,००० रुपैयाँको आर्थिक सहयोग दिइनेछ। यसका साथै, पोर्टल मार्फत एक एकीकृत डाटाबेस सिर्जना गरिनेछ, जसले कामदारहरूलाई परिचयपत्र, स्वास्थ्य सुरक्षा, बीमा, शिक्षा र अन्य कल्याणकारी योजनाहरूसँग जोड्न सजिलो बनाउनेछ।***

**1 /11 गोर्खा**

1 /11 गोर्खा राइफ्ल्स भेटरेसन्स एशोसिएशन दार्जीलिङ अनि कालेबुङको बार्षिक सभा साथै 66 औं स्थपना दिवस आज मिरिक रङ्गशाला भवनमा सम्पन्न गरियो। कार्यक्रममा कारगील युद्धको समय पाकिस्ताले कब्जा गरेको भु भागमा पसेर दुश्मनलाई आफ्नो निशाना बनाएर फर्किन सफल बीरचक्र पुरस्कारले सम्मानित अवकाशप्राप्त अनेरी कप्तान ज्ञानेन्द्र राईको विशेष उपस्थिति रहेको थियो भने मिरिक महकुमा शासक तेन्जीन सेम्की ओगेन, कर्णल मणिकुमार लिम्बू , सुवेदार मेजर अनेरी कप्तान नीमा तामाङ आदिको उपस्थित रहेको थियो। कार्यक्रममा शहीदका परिवार लगायत पल्टनमा विभिन्न क्षेत्रमा ख्याति कमाँउने जेष्ठ सैनिकहरूलाई सम्मान पत्र ,अङ्गवस्त्र आदि प्रदान गरेर सम्मानित पनि गरियो साथै यस अवधि 1/11 गोर्खा राइफ्ल्समाथि तयार पारिएको वृत्तचित्र प्रस्तुत गरिएको थियो। आयोजक समितिका सचिव हवलदार कल्याण राईले 1 सेप्टेम्बर 1960 मा देरादुनमा 1/11 गोर्खा राइफ्ल्सको स्थपना भएको जसको 66 औं स्थपना दिवस भब्यरूपमा विभिन्न ठाँउमा पालन गरिने क्रममा यसवर्ष मिरिकमा भब्यताको साथ पालन गरिएको बताउनु भयो।

**जे बी तामाङ**

हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियनका सभापति जे. बी. राईको नेतृत्वमा आज युनियनको टोलीले दार्जीलिङ जिल्लास्थित कर्मचारी भविष्य निधि संगठन (EPFO) कार्यालयमा क्षेत्रीय आयुक्तको नियुक्तिमा देखिएको रिक्तता तत्काल समाधान गर्नुपर्ने माग गर्दै औपचारिक पत्र बुझायो। युनियनले पश्चिम बंगाल र उत्तर पूर्वी क्षेत्रका सम्बन्धित EPFO कार्यालयहरूलाई पत्र लेख्दै दार्जीलिङ कार्यालयमा छिटोभन्दा छिटो क्षेत्रीय आयुक्त नियुक्ति गर्न आग्रह गरेको छ। मागपत्रमा ६ अप्रेल २०२५ देखि नै क्षेत्रीय आयुक्तको पद खाली रहेकाले श्रमिकहरूका गुनासो सुन्ने, समस्याहरू समाधान गर्ने तथा भविष्य निधि सम्बन्धी सेवा प्रवाहमा ठूलो समस्या आएको उल्लेख गरिएको छ। श्रमिक अधिकार तथा सेवामा थप अवरोध नआओस् भनेर युनियनले तत्काल रिक्त पदमा अधिकारी नियुक्ति गर्न सम्बन्धित निकायसँग अपील गरेको छ।

**झील सफाई**

गत तीन हप्तादेखि प्रत्येक सोमबार मिरिक झील परिसरमा फलको रस बिक्री गर्ने दम्पतीले शुरू गरेको झील सफाई अभियानमा हाल धेरै संख्यामा मानिसहरू जोडिन थालेका छन्। यस क्रममा आज लेक साईड, सहमेन्दु मार्केट लगायत वरिपरिका व्यापारीहरूले मिरिक झील अनि ग्लास हाउस परिसरमा व्यापक सफाई अभियान चलाएको छ। उनीहरुका अनुसार आगामी दिनमा यस क्षेत्रमा फल फुलको बोट बिरूवाहरू लगाउने योजना रहेको जसका लागि मिरिक महकुमा शासक अनि नगरपालिकाबाट पनि आफुहरूले स्वीकृति पाइसकेको बताएका छन्।

**बिजनबारी**

दार्जिलिङ पुलबजार खण्ड अधिनस्त कैजले तथा गोक दुई ग्रामको एक दर्जनभन्दा अधिक गाउँहरुको जीवनरेखा मानिने कैजले कोलबुङ रोड जिर्ण आवस्थामा पुगेपछि स्थानीय चरम सकटमा परेका छन। मुख्य रूपमा बर्खाको सगै विगत समयमा भएको बाटोको काम गुणस्तर  नभएकोले बाटोको समस्य भएको जनमानसको गुनासो छ भने बाटोलाई चाडोभन्दा चाडो निर्माण गरिदिने उनीहरूले बताएका छन। याद रहोस यस बाटो भएर कैजले तथा गोक ग्रामको विभिन्न गाउँहरुका यात्रुवाहक तथा मालवाहक वाहनहरु दैनिक रूपमा आवतजावत गर्ने गर्दछन।